# ११ झुटा इसाई धर्मगुरुहरु

*<u>यस अध्यायका मूल पदहरू:</u>* २ पत्रुस २:१-२२, यूहन्ना ८:३४-३६, मत्ती १२:४३-४५, यहूदा ४-१९ र उत्पत्ति १८:१६-३३।

*<u>यस अध्यायको स्मरण गर्नुपर्ने मूल सार पद:</u>* **"झुटा धर्मगुरूहरूले ती नयाँ विश्वासीहरूलाई स्वतन्त्रता दिन्छु भनेर दावी गर्छन्। तर तिनीहरू आफै पापमय जीवनका दासहरू हुन्। कुनै पनि थोकले जब मानिसहरूलाई नियन्त्रण गर्छ तिनीहरू त्यसको दास हुन्छ भनेर ठोकुवा गर्न सक्छ" (२ पत्रुस २:१९ रूपान्तरित)।**

**येशूलाई विश्वास गरेको कारणले अनेक सतावट पाइरहेका विश्वासीहरूलाई हौसला दिन पत्रुसले प्रथम पत्र लेख्दछन्।** हुन त तिनीहरू कस्ता कस्ता खालका सतावटहरू भोगिरहेका थिए भन्ने कुरा हामीलाई थाहा छैन। तर चर्चले भयङ्कर दु:खकष्ट भोगिरहेका थिए भन्ने कुरा ऐतिहासिक बृतान्तद्वारा हामीलाई थाहा छ। रोमी साम्राज्यले द्रुत गतिमा बढिरहेको "क्रिस्चियन" अभियानलाई समाप्त गर्न सारा राज्यशक्ति लागेको थियो भन्ने कुरा हामीलाई थाहा छ। कुनै पनि मानिस इसाई भएको तत्कालिन त्यस विश्व साम्राज्य रोमले सहन सक्दैनथे।

शैतानले येशूलाई विश्वास गर्ने अभियानलाई आक्रमण गर्न दुई तरिकाहरू अपनाएको थियो। चर्च भित्रैबाट र चर्च बाहिरबाट विश्वासीहरूलाई शैतानले हमला गरिरहेको थियो। रोमी राज्यशक्ति प्रयोग गरेर चर्चलाई सिध्याउने नीति अत्यन्त प्रभावकारी थियो। तर त्यो भन्दा खतरापूर्ण आक्रमण चर्चले सामना गर्नुपरिरहेको थियो। त्यो आक्रमण चर्चभित्रैबाट इसाई भनाउँदाहरूले गरिरहेका थिए। विगत ऐतिहासिक समयमा यहूदी राष्ट्रले अनेकौं झुटा अगमवक्ताहरू वा आफूलाई परमेश्वरको दर्शन पाएर बोलेको हुँ भनेर दावी गर्ने धर्मका रक्षक भनाउँदाहरूले दु:ख दिएका थिए। अब पत्रुसको समयमा पनि चर्चभित्रैबाट चर्चलाई ध्वस्त पार्ने आफूमात्र धर्मी इसाई हुँ भनेर दावी गर्ने तत्वहरूको सामना चर्चले गर्नु परेको थियो। इसाई धर्म वा चर्चलाई रक्षा गर्नेको नाउँमा विश्वासीहरूलाई तहसनहस पार्ने ती झुटा इसाई अगुवा तथा धर्मगुरूहरूको चर्चमा घुसेको छ भनेर पत्रुसले विश्वासीहरूलाई २ पत्रुस

२:१मा सतर्क गराएका थिए। ती झुटा अगुवा तथा धर्मगुरूहरूले चर्चलाई नष्ट गर्न अनेकौं गलत शिक्षादीक्षा ल्याउने कुरामा निश्चित थियो (२ पत्रुस २:२)।

पत्रुसले सतर्क गराएका ती केही गलत शिक्षादीक्षाहरू कुन् हुन् त? त्यसको प्रतिक्रिया पत्रुसको कस्तो थियो? आज पनि हामी सेभेन्थ-डे एडभेन्टिस्ट हौं भनेर गर्वपूर्वक दावी गरेतापनि हामीभित्रैमा पनि चर्चलाई ध्वस्त पार्ने खालका प्रवृतिसँग सामना गर्न पत्रुसबाट के पाठहरू सिक्नसक्छौं?

## १. झुटा अगमवक्ता र झुटा अगुवा तथा धर्मगुरूहरू(२ पत्रुस २:१-३,१०-२२)

कतिपय समयमा सुरूका चर्च सिद्ध थिए भनेर हामी कल्पना गर्छौं। प्रथम सताब्दीमा सुरूका येशूलाई विश्वास गर्ने इसाईहरूको बीचमा अत्यन्त शान्ति र तालमेल थियो भनेर हामी रमाइलो मानेर सोच्दछौं।

तर त्यस खालको सोच नै गलत भन्न सकिन्छ। येशूकै समयदेखि चर्चले संघर्षको सामना गर्नुपरेको थियो। त्यो संघर्ष प्रायजसो बाहिरका विश्वास नगर्ने मानिसहरूबाट नभएर बप्तिस्मा लिएर भित्र पसेका इसाईहरूबाट नै भएका थियो। (येशूलाई गद्दारी गर्ने यहूदा इस्केरियथ येशू र चर्चलाई धोका दिने इसाई हुँ भनेर दावी गर्नेहरूमा अग्रपंतिमा भएको हामीले मान्नुपर्छ)। त्यसपछि नयाँ करारका पत्रहरूले यो देखाउँछ कि चर्चमा देखा परेका अनेकौं झुटा वा गलत शिक्षाहरू चर्चकै धर्मगुरू तथा अगुवाहरूका उपज हुन् वा विकास गरेका हुन्। निःसन्देह, नयाँ करारको समयमा चर्चले बाहिरबाट आएको सतावटसँग पनि संघर्ष गर्नुपरेको थियो।

**पत्रुसले आफ्नो दोस्रो पत्रमा चर्चले चर्चभित्रैबाट जोखिमको सामना गरिरहेका केही चुनौतिहरूलाई बाहिर निकालेका छन्। २ पत्रुस २:१-३ अनुसार ती के हुन् त? हेर्नुहोस्ः "१ जसरी इस्राएलीहरूका माझमा झूटा अगमवक्ताहरू पनि थिए, त्यसरी तिमीहरूका माझमा झूटा शिक्षकहरू खड़ा हुनेछन्। यिनीहरूले गुप्त रूपले विनाशकारी झूटा शिक्षाहरू ल्याउनेछन्, यहाँसम्म कि तिनीहरूलाई उद्धार गर्नुहुने स्वामीलाई पनि तिनीहरूले इन्कार गर्नेछन्, र आफैमाथि चाँडै विनाश ल्याउनेछन्। २ र धेरै जनाले तिनीहरूका विलासी आचरणको अनुसरण गर्नेछन्, र तिनीहरूको कारण सत्यका मार्गको बदनामी हुनेछ। ३ लोभको वशमा परेर तिनीहरूले झूटा कुरा बनाएर तिमीहरूबाट फाइदा उठाउनेछन्। तिनीहरूका दण्डको कुरा अघिबाटै निर्णय भइसकेको छ, र तिनीहरूका विनाशको कुरा जागै छ।"**

उपरोक्त पदहरूले चर्चमा इसाई हुँ भनेर (वा जय मसीह भनेर अभिवादन गर्नेहरू) दावी गर्नेहरूको बीचमा के अत्यन्त शान्ति, सुमधुर र तालमेलको सम्बन्ध थिए भनेर देखाउँछ त?

**फेरि २ पत्रुस २:१-३को साथै पदहरू १०-२२ पढ्नुहोस्। ती पदहरूमा पत्रुसले येशूभक्त विश्वासीहरूलाई के चेतावनी दिइरहेका छन्? चर्चमा भित्र्याइएका वा घुस्न सफल भएका केही गलत वा झुठो शिक्षाहरू के के हुन्?**

हेर्नुहोस्: "१ जसरी इस्राएलीहरूका माझमा झूटा अगमवक्ताहरू पनि थिए, त्यसरी तिमीहरूका माझमा झूटा शिक्षकहरू खड़ा हुनेछन्। यिनीहरूले गुप्त रूपले विनाशकारी झूटा शिक्षाहरू ल्याउनेछन्, यहाँसम्म कि तिनीहरूलाई उद्धार गर्नुहुने स्वामीलाई पनि तिनीहरूले इन्कार गर्नेछन्, र आफैमाथि चाँड़ै विनाश ल्याउनेछन्। २ र धेरै जनाले तिनीहरूका विलासी आचरणको अनुसरण गर्नेछन्, र तिनीहरूको कारण सत्यका मार्गको बदनामी हुनेछ। ३ लोभको वशमा परेर तिनीहरूले झूटा कुरा बनाएर तिमीहरूबाट फाइदा उठाउनेछन्। तिनीहरूका दण्डको कुरा अघिबाटै निर्णय भइसकेको छ, र तिनीहरूका विनाशको कुरा जागै छ।...१० विशेष गरी तिनीहरूलाई, जो अशुद्ध पार्ने कामवासनामा डुबिरहन्छन्, र अधिकारको अवहेलना गर्छन्। यिनीहरू हठी र अहङ्कारी हुन्छन्, र स्वर्गीय प्राणीहरूको निन्दा गर्न डर मान्दैनन्। ११ तर स्वर्गदूतहरू शक्ति र सामर्थ्यमा अझ उच्च भए तापनि प्रभुको सामने ती प्राणीहरूलाई निन्दापूर्ण दोष दिँदैनन्। १२ तर यी मानिसहरू आफैले नबुझेका कुराहरूको निन्दा गर्छन्। यिनीहरू विवेकहीन जनावरहरूजस्ता छन्, र स्वाभाविक इच्छाहरूका वशमा रहन्छन्। यिनीहरू पक्रेर मारिनलाई जन्मेकाहरूजस्तै छन्, र यिनीहरू पशुहरूजस्तै नष्ट हुनेछन्। १३ आफूले गरेका खराबीहरूका निम्ति तिनीहरू आफैले पनि खराबी भोग्नेछन्। दिउँसै भोग-विलासमा मग्न रहनु यिनीहरू खुशीको कुरा ठान्छन्। तिनीहरू धब्बा र खोटहरू हुन्, र तिमीहरूसँग भोजमा बस्दा तिनीहरू बेसरी खाँदै पिउँदै विलासितामा मग्न रहन्छन्। १४ तिनीहरूका आँखा व्यभिचारले भरिएका हुन्छन्, र जत्ति पाप गर्दा पनि नअघाउने हुन्छन्। तिनीहरूले चञ्चल मन भएकाहरूलाई फुस्लाउँछन्। तिनीहरूका हृदयले लोभमा तालीम पाएका हुन्छन्। तिनीहरू श्रापित सन्तान हुन्। १५ सोझो मार्ग छोड़ेर तिनीहरू कुमार्गमा लागेका छन्। खराब कामको लाभ असल मान्ने बओरको छोरो बालामको पछि तिनीहरू लागेका छन्। १६ त्यसले आफ्नै अपराधको निम्ति हप्की पाएको थियो। गूँगो गधाले मानिसको बोलीमा त्यस अगमवक्ताको

पागलपनालाई रोकिदिएको थियो। १७ तिनीहरू पानी नभएका मुहानहरू हुन्, आँधीले उड़ाएका तुवाँला हुन्। तिनीहरूका निम्ति पातालको अन्धकार साँचिएको छ। १८ तिनीहरू मूर्खतापूर्ण ठूला-ठूला अहङ्कारका कुरा हाँक्छन्, र कुमार्गबाट भर्खरै उम्केर आएकाहरूलाई शरीरका विलासमय कामवासनाका कुराले फसाउँछन्। १९ तिनीहरूलाई स्वतन्त्रता दिलाइदिने प्रतिज्ञा गर्छन्, तर तिनीहरू आफै भ्रष्टताका दास छन्, किनकि जुन कुराले कुनै मानिसलाई जित्छ त्यही कुराले त्यसलाई दास बनाउँछ। २० तर यदि तिनीहरूले हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टलाई चिनेर पनि संसारका दूषित गराउने कुराबाट उम्किसकेपछि फेरि पापमा फसेर त्यसको वशमा परे भने, तिनीहरूको पछिल्लो अवस्था अगाडिको भन्दा अझ खराब हुन्छ। २१ किनभने तिनीहरूलाई दिइएको पवित्र आज्ञा जानिकन पनि पछि हट्नुभन्दा त बरु तिनीहरूलाई धार्मिकताको मार्ग कहिल्यै थाहै नभएको भए असल हुनेथियो (अर्थात् तिनीहरू कहिल्यै पनि क्रिश्चियन वा इसाई नभएको भए हुनेथियो)। २२ यी सत्य उखानअनुसार नै तिनीहरूलाई यसो भएको छ, "कुकुर आफ्नै बान्तामा फर्किआउँछ", "र नुहाइदिएको सुँगुर हिलैमा लड़ीबड़ी खेल्छ।"

आफूले त्यस्तो गम्भीर पत्र किन लेख्नु पऱ्यो भनेर पत्रुसले त्यसको कारण २ पत्रुस २:१मा दिन्छन्। विगतका इस्राएली इतिहासमा यहूदीहरूलाई ध्वस्त पार्न अनेकौं झुटा अगमवक्ताहरू थिए भनेर पत्रुसले विश्वासीहरूलाई सम्झना गराउँछन्। भविष्यमा पनि चर्चमा अनेकौं झुटा धर्मगुरूहरू हुनेछन् भनेर पत्रुसले सतर्क गराउँछन्। ती इसाई हुँ भनेर इसाईको वस्त्र लगाउने देखावटी धर्मगुरू वा अगुवाहरूको आचरण कस्ता थिए भनेर तिनीहरूको प्रवृत्तिको सूची पत्रुसले बनाउँछन्। तिनीहरूको अपराध भनेकै चर्चमा भएका विश्वासीहरूलाई विश्वासमा ध्वस्त पार्न गलत शिक्षादीक्षाहरू हुन् (२ पत्रुस २:१ रूपान्तरित)। तिनीहरू आफैं पनि कामबासना वा पापी जीवनमा भिजिरहेका हुन्छन् र धर्मको भेषमा पापको पासोमा तिनीहरू सजिलैसँग परेका हुन्छन् (२ पत्रुस २:१९ रूपान्तरित)। अरू अरू कुराहरूमा पनि ती झुटा अगमक्ताहरूले मानिसहरूलाई झुटा पाठहरू सिकाइरहेका थिए। ती गलत तथा झुटा शिक्षाहरू अत्यन्त खतरापूर्ण थिए भनेर हामी थाहा पाउन सक्छौं। त्यसैकारण, ती गलत तथा झुटा शिक्षादीक्षाहरूप्रति पत्रुसको कडा प्रतिक्रिया थियो भनेर हामी हेर्न सक्छौ। जुन सत्य हामी सिकाउँछौं त्यो नै हामीहरूको निम्ति सत्य हो भनेर पत्रुसले कडासँग जिकिर गर्छन्।

चर्चमा भित्राइएका अनेकौं झुटा शिक्षादीक्षाहरूप्रति पत्रुसले कडापूर्वक जवाफ दिएको हेर्नुहोस्। उनले दिएको प्रतिक्रियाले सत्य कतिको महत्त्वपूर्ण छ भनेर हामी पनि किन जिकिर गर्न जरुरी छ? चर्चमा भित्राइएका गलत शिक्षा वा अरू कुनै तत्वबाट हामी कसरी सुरक्षित हुने?

## २. येशू ख्रीष्टमा स्वतन्त्रता (२ पत्रुस २:१८)

"तिनीहरू बेकारका रित्तो कुराहरू गर्छन्। फाईफु^।^*L* लाएर के-के न गरौंला जस्ता बोलिहरू फलाक्छन्। पापको शक्तिबाट उब्जेका चाहना तथा महत्त्वाकाँक्षाहरूको भाऊलाई बढाउन तिनीहरूले मानिसहरूलाई उक्साउँछन्। पापमय मानिसहरूका बीचबाट उम्केका नयाँ विश्वासीहरूलाई तिनीहरूले आफ्नो चिप्लोघस्ने बचनहरूद्वारा फसाउँछन्" (२ पत्रुस २:१८ न्यु इन्टरनाशनल रिभाइजड भर्जन बाइबलबाट रूपान्तरित)।

उपरोक्त पदमा बर्तमान समयमा पनि लागु हुने गरि के चेतावनी दिइरहेका छन्?

२ पत्रुस २:१९मा उल्लेखित "तिनीहरूलाई स्वतन्त्रता दिलाइदिने प्रतिज्ञा गर्छन्, तर तिनीहरू आफै भ्रष्टताका दास छन्, किनकि जुन कुराले कुनै मानिसलाई जित्छ त्यही कुराले त्यसलाई दास बनाउँछ।" पदले पत्रुसले पद १८लाई कसरी बुझाउँछन्?

पद १९मा उल्लेखित "स्वतन्त्र वा मुक्ति" भन्ने शब्द किन महत्त्वपूर्ण छ?

आफ्ना पाठकहरूलाई चर्चमा भित्रिने (कथित चर्चका अगुवा वा धर्मगुरू वा पास्टरहरू)लाई लक्षित गरेर पत्रुसले कडा भन्दा कडा शब्दहरू प्रयोग गरेर सतर्क गराउँछन्। गलत शिक्षादीक्षाहरूको खतराको बिरूद्ध उनले चेतावनी दिन्छन्। २ पत्रुस २:१८-२१मा चर्चमा भइरहेको क्रियाकलापबाट मुक्ति दिन्छु भनेर कबुल गर्दै ती झुटा धर्मगुरू वा पास्टरहरूले मानिसहरूलाई मख्ख पार्छन् भनेर उनले आफ्ना पाठकवर्गलाई सतर्क पार्छन्। यदि तिनीहरूको कुरा सुनेर वा तिनीहरूको लहै लहैमा लागियो भने तिनीहरूका पछि लाग्नेहरू पापको दासमा फस्नछन् भनेर पत्रुसले ठोकुवा गर्छन्।

चर्चका ती झुटा अगुवा वा धर्मगुरूहरूले सुसमाचारको सत्यलाई पूरै बङ्ग्याइ दिन्छन् (इसाई परिप्रेक्ष्यमा, येशूतिर मानिसहरूलाई खिँच्नुको सट्टा आफूतिर खिँच्न सत्यलाई बङ्ग्याएर सिकाउने कथित पास्टरहरू भन्दा आपत्ति मान्नुपर्ने

आवश्यकता देखिन्दैन-अनुवादकको टिप्पणी)। येशू ख्रीष्टमा स्वतन्त्र हुनु भनेको पापबाट स्वतन्त्र हुनु हो (रोमी ६:४-६)। मुक्ति दिन्छु वा तिमीहरूलाई स्वतन्त्र गराउँछु भनेर कसैले प्रतिज्ञाहरू गर्छन् भने तिनीहरूले मानिसहरूलाई गलत शिक्षा दिएर पापमा फसाइरहेका हुन्छन्। कस्तो खालका झुटा शिक्षाहरू चर्चमा भित्रेका थिए भनेर पत्रुसले व्यक्त गरिरहेको चिन्ताको बिषयमा बाइबलका धेरै चिन्तकहरूको भिन्नै भिन्न व्याख्या छन्। तर जुनसुकै गलत शिक्षादीक्षा चर्चमा फैलिएतापनि तिनीहरूले मानिसहरूलाई पापमा फसाइरहेको र त्यसको दासत्वमा रहन उक्साइरहेको स्पष्टरूपमा पत्रुसले व्यक्त गर्छन्।

**२ पत्रुस २:१८-२१मा पत्रुसले व्यक्त गरिरहेको भावनालाई यूहन्ना ८:३४-३६मा येशूले भन्नुभएको कुराले हामीलाई कसरी बुझाउन खोज्छ? हेर्नुहोस्, "३४ येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, पाप गर्ने प्रत्येक पापको कमारो हो। ३५ कमारो सधैंभरि घरमा रहँदैन, तर पुत्रचाहिँ सधैंभरि घरमा रहन्छ। ३६ यसकारण पुत्रले तिमीहरूलाई स्वतन्त्र गरायो भने तिमीहरू निश्चय स्वतन्त्र हुनेछौ।"**

चर्च भित्र कस्ता कस्ता गलत शिक्षाहरू ती झुटा शिक्षक वा पास्टरहरूले सिकाइरहेका थिए भन्ने कुरा हामीहरूलाई ठ्याक्कै थाहा छैन। तर एउटा कुरो त हामीलाई थाहा छ, त्यो हो नयाँ विश्वासीहरूलाई निराश बनाएर पुरानै पापमय जीवनमा तिनीहरूले फर्काइरहेका हुन्छन्। ती झुटा शिक्षकहरूले पवित्र र शुद्ध जीवन बिताउने आवश्यकतालाई सुसमाचारले आह्वान गरिरहेकोलाई अनावश्यक भनेर सुसमाचारको गरिमालाई घटाइरहेका थिए। त्यसैकारण, पत्रुसले तिनीहरूको झुटा शिक्षाको बिरुद्धमा कडा र तिखो शब्दले प्रतिकार गर्न खोजेकोमा हामीले अचम्म मान्नुपर्दैन। त्यस्ता धर्मगुरूहरूको पछि लाग्दा विश्वासीहरूको गति के हुन्छ भनेर पत्रुसले स्पष्टरूपमा सतर्क गराउँछन्।

**तपाईंको जीवनमा येशूबाट पाइने स्वतन्त्रता के हो भनेर बुझ्नुभएको छ? तपाईंलाई येशूले केबाट मुक्ति दिनुभयो?**

## ३. आफैले बान्ता गरेको खाना कुकुरले खाइको जस्तै (२ पत्रुस २:१७-२२)

**येशूलाई एक फेरा विश्वास गरेर नयाँ जीवन बिताइरहेका इसाईहरू फेरी पुरानै जीवनशैलीमा फर्के तिनीहरूको हालत कस्तो भएको देखाउँछ भनेर देहायका पदहरूले कसरी बताउँछन्? हेर्नुहोस्, २ पत्रुस २:१७-२२ "*१७***

*तिनीहरू पानी नभएका मुहानहरू हुन्, आँधीले उड़ाएका तुवाँला हुन्। तिनीहरूका निम्ति पातालको अन्धकार साँचिएको छ। १८ तिनीहरू मूर्खतापूर्ण ठूला-ठूला अहङ्कारका कुरा हाँक्छन्, र कुमार्गबाट भर्खरै उम्केर आएकाहरूलाई शरीरका विलासमय कामवासनाका कुराले फसाउँछन्। १९ तिनीहरूलाई स्वतन्त्रता दिलाइदिने प्रतिज्ञा गर्छन्, तर तिनीहरू आफै भ्रष्टताका दास छन्, किनकि जुन कुराले कुनै मानिसलाई जित्छ त्यही कुराले त्यसलाई दास बनाउँछ। २० तर यदि तिनीहरूले हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टलाई चिनेर पनि संसारका दूषित गराउने कुराबाट उम्किसकेपछि फेरि पापमा फसेर त्यसको वशमा परे भने, तिनीहरूको पछिल्लो अवस्था अगाडिको भन्दा अझ खराब हुन्छ। २१ किनभने तिनीहरूलाई दिइएको पवित्र आज्ञा जानिकन पनि पछि हट्नुभन्दा त बरु तिनीहरूलाई धार्मिकताको मार्ग कहिल्यै थाहै नभएको भए असल हुनेथियो। २२ यी सत्य उखानअनुसार नै तिनीहरूलाई यसो भएको छ, "कुकुर आफ्नै बान्तामा फर्किआउँछ, " "र नुहाइदिएको सुँगुर हिलैमा लड़ीबड़ी खेल्छ।"* **र मत्ती १२:४३-४५ "४३ "जब अशुद्ध आत्मा मानिसबाट निस्केर जान्छ, त्यो विश्राम खोज्दै ओबानो ठाउँतिर डुलिहिँड्छ, तर कतै पाउँदैन। ४४ तब त्यसले भन्छ, "जहाँबाट म निस्केर आएँ, त्यहीं आफ्नो घरमा म फर्किजानेछु।" फर्किआउँदा त्यसले घर रित्तो, सफा गरिराखेको, र सजिएको भेट्टाउँछ। ४५ तब त्यो जान्छ र आफूभन्दा बढ़ी दुष्ट अरू सात वटा भूतात्मा आफूसँग ल्याउँछ, र भित्र पसेर तिनीहरू त्यहाँ वास गर्छन्, र त्यस मानिसको पछिल्लो दशा अघिल्लोभन्दा अझ नराम्रो हुन्छ। यस दुष्ट पुस्तालाई पनि त्यस्तै हुनेछ।"**

झुटा धर्मगुरूहरूले बाइबललाई बङ्ग्याएर गलत शिक्षा दिँदै पापमय जीवनबाट फर्केका नयाँ विश्वासीहरूलाई पापमै फर्काउने तिनीहरूको नियतप्रति पत्रुस अत्यन्त चिन्तित भएको देखिन्छ (२ पत्रुस २:१८) (तिनीहरूले गर्दा नै कतिपय मानिसहरू चर्च छोड्छन् वा अन्यन्त्र लाग्छन्)। ती झुटा धर्मगुरूहरूले चर्चमा आइरहेका विश्वासीहरूलाई स्वतन्त्रता दिने कबुल गर्छन्। तर तिनीहरूले दिने स्वतन्त्रता वा मुक्ति आफूलाई पछ्याउनेहरूलाई येशूले दिन्छु भन्ने स्वतन्त्रताको प्रतिज्ञाभन्दा अत्यन्त फरक छ भनेर पत्रुसले औँल्याउँछन्।

पत्रुसको अत्यन्त प्रभावकारी चेतावनी हामी हेरौं। "विश्वासबाट तर्किनु भन्दा ती मानिसहरूले परमेश्वरको धार्मिकता वा सुसमाचार नै नसुनेको वा नजानेको

भए असल हुने थियो" भनेर पत्रुसले आफ्नो दुःख व्यक्त गर्छन् (२ पत्रुस २:२१ रूपान्तरित)।

तर जो मानिस फेरि पापमा फस्छ त्यसको निम्ति कुनै आशा छैन भनेर उपरोक्त पदको मनशाय होइन। कतिपय मानिसहरू येशूलाई विश्वास गरेपछि पापमा फर्केका छन् र तिनीहरू फेरि पश्चाताप गरेर उहाँतिर फर्केका कतिपय कथाहरू हामीहरूलाई थाहा छ। जब तिनीहरू प्रभुतिर फर्कन्छन्, उहाँले तिनीहरूलाई फेरि आफ्नो अङ्गालोमा राख्न उहाँले रुचाउनुहुन्छ (लूका १५:११-३२)। तर एकफेरा परमेश्वरलाई विश्वास गरेपछि पुरानै जीवनमा फर्कनु जोखिम मार्गमा हिंड्नु हो। न त सच्चा मनले भन्ने हो भने कोही मानिस एक फेरा येशूमा विश्वास राखेर पछि विश्वास त्यागेर जीवन बिताउन खोज्छ त्यसको निम्ति त्यो जीवन रमाइलो हुन्छ भन्ने छैन। पुरानै जीवनमा फर्कनु भनेको कुकुर आफैले नै बान्ता गरेको खाना खाने प्रवृत्ति (हितोपदेश २६:११) मानिसमा हुनु हो। विश्वासी जीवनबाट फर्केर रहने यो प्रवृत्ति अत्यन्त खस्रो र नमज्जाको कहावत हो। तर त्यस शब्दचित्रद्वारा पत्रुसले आफ्नो भनाइलाई स्पष्ट रूपमा राखेको पाइन्छ।

२ पत्रुस २:२०मा पत्रुसले मत्ती १२:४५ र ११:२६मा येशूले भन्नुभएका वचनहरूलाई प्रतिध्वनी गरेको अर्थात् दोहोऱ्याइएको पाइन्छ। त्यसमा येशूले एक जना मानिसको बारेमा कथा भन्नुहुन्छ। त्यो मानिस एकफेरा एउटा अशुद्ध आत्माबाट स्वतन्त्र भएको थियो। त्यो आत्मा कहाँ जाने वा कसको जीवनमा पस्ने भनेर घुमफिर गरिरहेको हुन्छ। अनि त्यो फर्केर त्यही घर देख्छ वा जसमा आफूले छोडेको मानिस देख्छ (मत्ती १२:४४ रूपान्तरित)। त्यो आत्माले त्यस मानिसको घर खाली भएको देख्छ र त्यसलाई फेरि सम्हाल्छ र आफू पुरानै घरमा वा मानिसको जीवनमा फर्कन्छ। त्यसबेला त्यस अशुद्ध आत्मा बाहिर गएर अरू धेरै आत्माहरू ल्याउँछन्। तिनीहरू पहिलेको भन्दा अत्यन्त दुष्ट आत्माहरू थिए। "जुन मानिसमा अशुद्ध आत्माले छोड्छन् र फेरि भित्रिन्छ त्यो मानिस पहिलेको भन्दा झन कहालिलाग्दो हुन्छ" भनेर येशूले भन्नुभएको थियो (मत्ती १२:४५)।

विश्वासबाट तर्किने मानिसहरूको बारेमा येशू र पत्रुसले वयान गरेका कुनै मनगढन्ते नभएर वास्तविक नै हुन्। आफूसँग पहिला भएका दुष्टा आत्माहरूको नियन्त्रणमा आफू स्वतन्त्र भएर नयाँ आत्माको अधिनमा बसेको

छ कि छैन भनेर नयाँ विश्वासी विश्वस्त हुनुपर्छ। त्यसको अर्थ येशूलाई विश्वास गरेको छु भनेर अलग हुने नभएर चर्चमा सक्रिय भएर त्यो विश्वासलाई देखाउनुपर्छ र साथै अरूलाई बाँड्न प्रयत्न गर्नुपर्छ। यदि कोही नयाँ विश्वासी आफ्नो विश्वासमा सक्रिय भएन भने फेरि पुरानो जीवनमा फर्कनु उसको निम्ति सजिलो हुनेछ।

**हामीहरू चर्चका परिवार भएको हैशियतले हामीहरूका विश्वासीहरू बिषेश गरेर नयाँ विश्वासीहरूको हितमा कसरी लाग्ने र तिनीहरू परमेश्वरको ज्ञानमा अघि बढुन् भनेर हामीले कसरी प्रयास गर्ने?**

## ४. पत्रुस र यहूदा (२ पत्रुस २:१-३:७)

धेरै मानिसहरूले यहूदा ४-१९मा सम्बोधन गरिएका वचनहरू २ पत्रुस २:१-३:७ दोहोर्‍याइका हुन् भनेर भन्दछन्। दुष्टहरूको भविष्य परमेश्वरको निन्त्रणमा छ भन्ने महत्त्वपूर्ण सत्य ती दुई अंशहरूमा पत्रुस र यहूदाले बताउँछन्।

**२ पत्रुस २:१ देखि अध्याय ३को ७सम्म र यहूदा ४:१९ पढ्नुहोस्। ती अंशहरूमा परमेश्वरले गर्नुभएको न्यायको फैसलाको उदाहरणलाई पत्रुस र यहूदाले वर्णन गरेका छन्। पापको मामिलामा सम्हाल्ने काममा परमेश्वर कतिको गम्भीर हुनुहुन्छ भनेर देखाउँछन्। हेर्नुहोस्ः "१ जसरी इस्राएलीहरूका माझमा झूटा अगमवक्ताहरू पनि थिए, त्यसरी तिमीहरूका माझमा झूटा शिक्षकहरू खड़ा हुनेछन्। यिनीहरूले गुप्त रूपले विनाशकारी झूटा शिक्षाहरू ल्याउनेछन्, यहाँसम्म कि तिनीहरूलाई उद्धार गर्नुहुने स्वामीलाई पनि तिनीहरूले इन्कार गर्नेछन्, र आफैमाथि चाँड़ै विनाश ल्याउनेछन्। २ र धेरै जनाले तिनीहरूका विलासी आचरणको अनुसरण गर्नेछन्, र तिनीहरूको कारण सत्यका मार्गको बदनामी हुनेछ। ३ लोभको वशमा परेर तिनीहरूले झूटा कुरा बनाएर तिमीहरूबाट फाइदा उठाउनेछन्। तिनीहरूका दण्डको कुरा अघिबाटै निर्णय भइसकेको छ, र तिनीहरूका विनाशको कुरा जागै छ। ४ स्वर्गदूतहरूले पाप गर्दा परमेश्वरले तिनीहरूलाई बाँकी राख्नुभएन, तर तिनीहरूलाई नरकमा फालिदिनुभयो, र न्यायका दिनसम्मको निम्ति पातालको अन्धकारमा जकड़िराख्नुभयो। ५ उहाँले प्राचीन संसारलाई बाँकी राख्नुभएन, तर भक्तिहीनताको संसारमा जलप्रलय गराउनुहुँदा धार्मिकताका प्रचारक नोआ र अरू सात जनालाई सुरक्षित राख्नुभयो। ६ उहाँले सदोम र गमोरा सहरहरूलाई भस्म**

पारेर तिनको अस्तित्व नै मेटाइदिनुभयो, र भक्तिहीनहरूका सामु तिनीहरूलाई एक उदाहरण बनाउनुभयो। ७ उहाँले दुष्टहरूका कामुकताबाट अति दुःखित भएका धार्मिक लोतलाई बचाउनुभयो। ८ (ती मानिसहरूका माझमा बस्दा, र दिन प्रतिदिन तिनीहरूका कुकर्म देख्दा र सुन्दा, तिनी आफ्नो धार्मिक आत्मामा व्याकुल हुन्थे।) ९ यसरी भक्तलाई परीक्षाबाट बचाउन र भक्तिहीनहरूलाई न्यायको दिनसम्म दण्डमा जकड़िराख्न प्रभु जान्नुहुन्छ, १० विशेष गरी तिनीहरूलाई, जो अशुद्ध पार्ने कामवासनामा डुबिरहन्छन्, र अधिकारको अवहेलना गर्छन्। यिनीहरू हठी र अहङ्कारी हुन्छन्, र स्वर्गीय प्राणीहरूको निन्दा गर्न डर मान्दैनन्। ११ तर स्वर्गदूतहरू शक्ति र सामर्थ्यमा अझ उच्च भए तापनि प्रभुको सामने ती प्राणीहरूलाई निन्दापूर्ण दोष दिँदैनन्। १२ तर यी मानिसहरू आफैले नबुझेका कुराहरूको निन्दा गर्छन्। यिनीहरू विवेकहीन जनावरहरूजस्ता छन्, र स्वाभाविक इच्छाहरूका वशमा रहन्छन्। यिनीहरू पक्रेर मारिनलाई जन्मेकाहरूजस्तै छन्, र यिनीहरू पशुहरूजस्तै नष्ट हुनेछन्। १३ आफूले गरेका खराबीहरूका निम्ति तिनीहरू आफैले पनि खराबी भोग्नेछन्। दिउँसै भोग-विलासमा मग्न रहनु यिनीहरू खुशीको कुरा ठान्छन्। तिनीहरू धब्बा र खोटहरू हुन्, र तिमीहरूसँग भोजमा बस्दा तिनीहरू बेसरी खाँदै पिउँदै विलासितामा मग्न रहन्छन्। १४ तिनीहरूका आँखा व्यभिचारले भरिएका हुन्छन्, र जत्ति पाप गर्दा पनि नअघाउने हुन्छन्। तिनीहरूले चञ्चल मन भएकाहरूलाई फुस्लाउँछन्। तिनीहरूका हृदयले लोभमा तालिम पाएका हुन्छन्। तिनीहरू श्रापित सन्तान हुन्। १५ सोझो मार्ग छोड़ेर तिनीहरू कुमार्गमा लागेका छन्। खराब कामको लाभ असल मान्ने बओरको छोरो बालामको पछि तिनीहरू लागेका छन्। १६ त्यसले आफ्नै अपराधको निम्ति हप्की पाएको थियो। गूँगो गधाले मानिसको बोलीमा त्यस अगमवक्ताको पागलपनालाई रोकिदिएको थियो। १७ तिनीहरू पानी नभएका मुहानहरू हुन्, आँधीले उड़ाएका तुवाँला हुन्। तिनीहरूका निम्ति पातालको अन्धकार साँचिएको छ। १८ तिनीहरू मूर्खतापूर्ण ठूला-ठूला अहङ्कारका कुरा हाँक्छन्, र कुमार्गबाट भर्खरै उम्केर आएकाहरूलाई शरीरका विलासमय कामवासनाका कुराले फसाउँछन्। १९ तिनीहरूलाई स्वतन्त्रता दिलाइदिने प्रतिज्ञा गर्छन्, तर तिनीहरू आफै भ्रष्टताका दास छन्, किनकि जुन कुराले कुनै मानिसलाई जित्छ त्यही कुराले त्यसलाई दास बनाउँछ। २० तर यदि तिनीहरूले हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टलाई चिनेर पनि संसारका दूषित गराउने कुराबाट उम्किसकेपछि फेरि

पापमा फसेर त्यसको वशमा परे भने, तिनीहरूको पछिल्लो अवस्था अगाडिको भन्दा अझ खराब हुन्छ। २१ किनभने तिनीहरूलाई दिइएको पवित्र आज्ञा जानिकन पनि पछि हट्नुभन्दा त बरु तिनीहरूलाई धार्मिकताको मार्ग कहिल्यै थाहै नभएको भए असल हुनेथियो। २२ यी सत्य उखानअनुसार नै तिनीहरूलाई यसो भएको छ, "कुकुर आफ्नै बान्तामा फर्किआउँछ" "र नुहाइदिएको सुँगुर हिलैमा लड़ीबड़ी खेल्छ।", २ पत्रुस ३:१-७ "१ प्रिय हो, तिमीहरूलाई लेखेको यो मेरो दोस्रो पत्र हो, र दुवै पत्रमा कति कुराको याद दिलाएर तिमीहरूका निष्कपट मनलाई उत्साहित गराएको छु, २ कि पवित्र अगमवक्ताहरूका अगमवाणी र तिमीहरूका प्रेरितहरूद्वारा दिइएको प्रभु र मुक्तिदाताको आज्ञालाई तिमीहरूले सम्झनुपर्छ। ३ सर्वप्रथम तिमीहरूले यो बुझ्नुपर्छ, कि पछिल्ला दिनहरूमा गिल्ला गर्नेहरू गिल्ला गर्दै, तिनीहरूका आफ्नै अभिलाषामा यसो भन्दै आउनेछन्, ४ "उहाँका आगमनको प्रतिज्ञा कहाँ गयो? किनकि पिता-पुर्खाहरू सुतिसकेका दिनदेखि नै सबै कुरा सृष्टिको सुरुदेखि चलिआएजस्तै आज पनि छँदैछ।" ५ जानी-बुझिकन पनि तिनीहरू यस कुराको वास्ता गर्दैनन्, कि परमेश्वरको वचनद्वारा स्वर्गहरू अघिदेखि नै थिए, र पृथ्वीचाहिँ पानीबाट र पानीद्वारा नै बनाइयो। ६ त्यही पानीबाट त्यस समयको संसार जलप्रलयमा डुबेर नष्ट भयो। ७ तर त्यही वचनले भक्तिहीन मानिसको इन्साफ र विनाशका दिनसम्मको लागि अहिलेको आकाश र पृथ्वी आगोको निम्ति साँचिराखिएका छन्।" र यहूदा ३-१९ "३ प्रिय हो, हामी सबै सहभागी भएका उद्धारको विषयमा लेख्न म साह्रै उत्सुक भएको छु, त्यसैले सन्तहरूलाई सदाकालको निम्ति सुम्पिएको विश्वास रक्षा गर भन्ने निवेदन गर्न तिमीहरूलाई लेख्न मैले आवश्यक ठाने। ४ किनकि धेरै अघिदेखि नै दण्डका भागीदार ठहरिएका कोही-कोही मानिसहरू गुप्त रूपले तिमीहरूका माझमा पसिसकेका छन्। यिनीहरू ईश्वरहीन मानिसहरू हुन्, जसले हाम्रा परमेश्वरको अनुग्रहलाई विलासितामा परिणत गरेका छन्, र हाम्रा एकमात्र स्वामी र प्रभु, येशू ख्रीष्टलाई इन्कार गर्छन्। ५ तिमीहरूले यी सब कुरा एक पल्ट जानेकै थियौ, तापनि अहिले म तिमीहरूलाई याद दिलाउन चाहन्छु, कि मिश्रदेशबाट बचाएर ल्याइएका मानिसहरूमध्ये विश्वास नगर्नेहरूलाई परमप्रभुले पछिबाट नष्ट पार्नुभयो। ६ आफ्नो अधिकारको मर्यादा कायम नराखेर उचित वासस्थान त्याग्ने स्वर्गदूतहरूलाई उहाँले पातालको अन्धकारमा न्यायको त्यस ठूलो दिनसम्म अनन्त बन्धनमा राख्नुभएको छ, ७ जसरी सदोम र गमोरा र तिनका आसपासका

सहरहरू, जुनहरू व्यभिचार गरेर अस्वाभाविक कामवासनामा फसेका थिए, तिनीहरू अनन्त अग्निको दण्ड भोगेर उदाहरण बनेका छन्। ८ त्यसै गरी सपना देख्ने यी मानिसहरूले आफ्ना शरीरलाई अशुद्ध तुल्याउँछन्, अधिकार इन्कार गर्छन् र स्वर्गीय प्राणीहरूको निन्दा गर्छन्। ९ तर प्रधान दूत मिखाएलले पनि मोशाका लाशको विषयमा दियाबलससँग विवाद गर्दा त्यसलाई निन्दापूर्ण दोष लाउन साहस नगरी "प्रभुले तँलाई हप्काऊन्" भनेथे। १० तर आफूले नबुझेका कुराहरूको यिनीहरू ठट्टा गर्छन्, र निर्बुद्धि पशुहरूले झैं प्राकृतिक ज्ञानले जान्ने कुराहरूद्वारा नै यिनीहरूको विनाश हुन्छ। ११ तिनीहरूलाई धिक्कार छ! किनकि तिनीहरू कयिनको चालमा हिँड्छन्, लाभको खातिर बालामको भूलमा फस्दछन् र कोरहको विद्रोहमा जस्तै नष्ट हुन्छन्। १२ तिमीहरूका प्रीतिभोजमा यिनीहरू कलङ्क हुन्। किनकि यिनीहरू आफ्नै मात्र ख्याल राखी धन्दै नमानी बेसरी खान्छन् र पिउँछन्। तिनीहरू बतासले उड़ाइलैजाने पानीविनाको बादलसरह छन्, हिउँदका फलहीन वृक्षजस्ता, जो दुई पल्ट मरिसकेका र जरैसमेत उखेलिएका हुन्छन्। १३ तिनीहरू समुद्रका उर्लदा छालहरूजस्तै हुन्, जसले तिनीहरूका आफ्नै निर्लज्जताको फीँज उकेल्छन्। यी बत्तिएका दिशाहीन ताराहरूजस्ता छन्, जसका निम्ति पातालको अन्धकार अनन्तको लागि राखिएको छ। १४ आदमदेखि सातौं पुस्ताका हनोकले पनि यी मानिसहरूका विषयमा यस्तो अगमवाणी बोलेका थिए, "हेर, परमप्रभु आफ्ना असंख्य पवित्र जनहरूसँग आउनुभयो, १५ सबैको इन्साफ गर्न, सबै मानिसहरूलाई दण्ड दिन, जसले अधार्मिक रीतिले भक्तिहीन कार्यहरू गरेका छन्, र ती भक्तिहीन मानिसहरूलाई दण्ड दिन जसले उहाँको विरुद्धमा कठोर कुरा बोलेका छन्।" १६ फतफताउनेहरू, असन्तोषीहरू, आफ्ना कुइच्छाअनुसार हिँड्नेहरू, घमण्डी कुरा बोल्नेहरू र लाभको निम्ति मानिसहरूको चापलूसी गर्नेहरू यी नै हुन्। १७ तर प्रिय हो, तिमीहरूले चाहिँ हाम्रा प्रभु येशू ख्रीष्टका प्रेरितहरूले अघिबाटै भनेका कुराहरू सम्झ। १८ तिनीहरूले भनेका थिए, "आखिरी समयमा आफ्नै भक्तिहीन वासनाको पछि लागेर गिल्ला गर्नेहरू हुनेछन्।" १९ फूट हाल्नेहरू, सांसारिक मानिसहरू र पवित्र आत्मा नभएका मानिसहरू यिनै हुन्।"

विगतको समयमा परमेश्वरले गर्नुभएको न्यायको मामिला लिएर पत्रुस र यहूदाले ति उदाहरणहरू नै प्रस्तुत गर्छन्। तिनीहरूमा (१) जलप्रलय, (२) सोदोम र गमोरालाई खरानी खरानी गरेर जलाएको, र (३) भविष्यमा हुने

न्यायको दिनमा नाश हुने गरेर बाँधिएका पतित स्वर्गदूतहरू (२ पत्रुस २:४-६, २ पत्रुस ३:७, यहूदा ६,७)। ती सबै घट्नाहरूमा दुई घट्नाहरू पूरा भएको छ भने तेस्रो घट्ना पनि पूरै हुने गरेर बाँकी छ। परमेश्वरको सदाशयता, क्षमाशीलता र दयाको बारेमा बाइबल भरिभराउ। तर परमेश्वर न्यायी भएको कारणले अन्तमा पापलाई नाश गर्नुहुने न्यायिक फैसला पनि निश्चित भएको महत्त्वपूर्ण सत्यलाई अस्वीकार गर्न सकिदैन्।

पापको ज्यादतिले गर्दा परमेश्वरले जलप्रलय भन्दा अघि रहेका मानिसहरू र सोदोम गमोराका मानिसहरूलाई कडा दण्ड दिनुभएको थियो। परमेश्वरबाट पाएको कठोर सजायँको भागिदार हुन तिनीहरूले के पाप गरेका थिए त? (१) तिनीहरूको माझमा मानिसलाई पापमा गाड्ने झुटा शिक्षकहरूलाई भित्राइएका थिए। (२) तिनीहरूले आधिकारिक व्यक्तिहरूलाई घृणा गरेका थिए र तिनीहरूप्रति आदर देखाएका थिएनन्। (३) तिनीहरू पापका दास भएका थिए। (४) तिनीहरूले परमेश्वरको सदाशयता वा क्षमा दिने स्वभावलाई दुरूपयोग गरे मानिसहरूलाई झन पापमा घचेट्न बहाना बनाएका थिए अर्थात धर्मकैं नाउँमा तिनीहरू पाप गर्न मुछिएका थिए। (५) प्रभु र मानिसको स्वामी केवल येशूलाई विश्वास गर्न तिनीहरूले अस्वीकार गरेका थिए। (६) मोजमज्जा गर्ने नाउँमा तिनीहरूले आफ्ना शरीरलाई दुरुपयोग वा प्रदुषित गरेका थिए। (७) तिनीहरूले मानिसहरूलाई फसाउन बेकारका, घमण्डी, रिक्त र झुटा आश्वासनहरू दिएका थिए। (८) आफूले नबुझेका कुराहरूको बारेमा तिनीहरूले दुष्ट कुराहरू गरेका थिए वा आलोचना गरेका थिए (२ पत्रुस २:१,१९, यहूदा ४,८, २ पत्रुस २:१२,१८ र यहूदा १०)।

यो अचम्मको छ कि ती पापहरूमा प्रायजसो हामीलाई धक्का दिने र क्रोधित बनाउने हत्या, हिंसा, आतङ्ककारी र अरू दुष्ट आचरणहरूको बारेमा उल्लेख गरिएको छैन। तर चर्चमा र समाजमा हल्का रूपमा लिने पापको बारेमा पत्रुस र यहूदाले वर्णन गर्छन् जुन मानिसहरूले कहिलेकाहीँ बहाना बनाएर त्यसको पछि लाग्छन्। यस सत्यतथ्यले पापप्रति सही पश्चाताप गर्नु धेरै आवश्यक छ र चर्चमा पनि परिवर्तन ल्याउनु धेरै आवश्यक छ भन्ने कुरा हामीले बुझ्नुपर्दछ।

**२ पत्रुस २:१२ र यहूदा १०मा ती मानिसहरूको बारेमा भन्दछन् जो नाश हुन सामना गरिरहेका थिए। "तिनीहरू जङ्गली पशुहरू हुन् जो आफैले**

केही पनि निर्णय गर्न असक्षम् छन्" भनेर दुष्ट मानिसहरूको चित्रण गरिएको छ (यहूदा १० र २ पत्रुस २:१२ रूपान्तरित)। अदनको बगैंचामा पाप पस्नुभन्दा अघि परमेश्वरले हामीलाई कसरी सृजनुभएको थियो? पत्रुस र यहूदाले भनेको जस्तो मानिस नहुन तपाईं हामी के गर्नु आवश्यक छ?

## ५. पुरानो करारबाट अरू पाठहरू (२ पत्रुस २:६-१६)

दुष्ट कामहरू र दुष्ट नियतहरू अर्थात् अरूलाई गिराउने अभियानमा लाग्दा त्यसको नतिजा के हुनेछ भनेर पत्रुसले २ पत्रुस २:५-१७मा कस्ता उदाहरणहरू दिएर हामीलाई सम्झाउन खोजेका छन्? हेर्नुहोस्: "५ उहाँले प्राचीन संसारलाई (अर्थात् पुरानो करारको समय) बाँकी राख्नुभएन, तर भक्तिहीनताको संसारमा जलप्रलय गराउनुहुँदा धार्मिकताका प्रचारक नोआ र अरू सात जनालाई सुरक्षित राख्नुभयो। ६ उहाँले सदोम र गमोरा सहरहरूलाई भस्म पारेर तिनको अस्तित्व नै मेटाइदिनुभयो, र भक्तिहीनहरूका सामु तिनीहरूलाई एक उदाहरण बनाउनुभयो। ७ उहाँले दुष्टहरूका कामुकताबाट अति दुःखित भएका धार्मिक लोतलाई बचाउनुभयो। ८ (ती मानिसहरूका माझमा बस्दा, र दिन प्रतिदिन तिनीहरूका कुकर्म देख्दा र सुन्दा, तिनी आफ्नो धार्मिक आत्मामा व्याकुल हुन्थे।) ९ यसरी भक्तलाई परीक्षाबाट बचाउन र भक्तिहीनहरूलाई न्यायको दिनसम्म दण्डमा जकड़िराख्न प्रभु जान्नुहुन्छ, १० विशेष गरी तिनीहरूलाई, जो अशुद्ध पार्ने कामवासनामा डुबिरहन्छन्, र अधिकारको अवहेलना गर्छन्। यिनीहरू हठी र अहङ्कारी हुन्छन्, र स्वर्गमा रहने प्राणीहरूको निन्दा गर्न डर मान्दैनन्। ११ तर स्वर्गदूतहरू शक्ति र सामर्थ्यमा अझ उच्च भए तापनि प्रभुको सामने ती प्राणीहरूलाई निन्दापूर्ण दोष दिँदैनन्। १२ तर यी मानिसहरू आफैले नबुझेका कुराहरूको निन्दा गर्छन्। यिनीहरू विवेकहीन जनावरहरूजस्ता छन्, र स्वाभाविक इच्छाहरूका वशमा रहन्छन्। यिनीहरू पक्रेर मारिनलाई जन्मेकाहरूजस्तै छन्, र यिनीहरू पशुहरूजस्तै नष्ट हुनेछन्। १३ आफूले गरेका खराबीहरूका निम्ति तिनीहरू आफैले पनि खराबी भोग्नेछन्। दिउँसै भोग-विलासमा मग्न रहनु यिनीहरू खुशीको कुरा ठान्छन्। तिनीहरू धब्बा (वा खोक्रो बाकस) र खोटहरू हुन्, र तिमीहरूसँग भोजमा बस्दा तिनीहरू बेसरी खाँदै पिउँदै विलासितामा मग्न रहन्छन्। १४ तिनीहरूका आँखा व्यभिचारले भरिएका हुन्छन्, र जत्ति पाप गर्दा पनि नअघाउने हुन्छन्। तिनीहरूले चञ्चल मन भएकाहरूलाई फुस्लाउँछन्। तिनीहरूका हृदयले लोभमा तालिम पाएका

हुन्छन्। तिनीहरू श्रापित सन्तान हुन्। १५ सोझो मार्ग छोड़ेर तिनीहरू कुमार्गमा लागेका छन्। खराब कामको लाभ असल मान्ने बओरको छोरो बालामको पछि तिनीहरू लागेका छन्। १६ त्यसले आफ्नै अपराधको निम्ति हप्की पाएको थियो। गूँगो गधाले मानिसको बोलीमा त्यस अगमवक्ताको पागलपनालाई रोकिदिएको थियो। १७ तिनीहरू पानी नभएका मुहानहरू हुन्, आँधीले उड़ाएका तुवाँला हुन्। तिनीहरूका निम्ति पातालको अन्धकार साँचिएको छ।"

उत्पत्ति १३:१२,१३मा अब्राहम र उनका भतिजा लोट एक आपसमा छुट्टिन राजी हुन्छन्। तिनीहरू आर्थिक कारणले छुट्टिन्छन्। लोट आफ्ना सबै परिवार र श्रीसम्पत्ति सहित हरिया यर्दन उपत्यकामा बसोबास गर्न जान्छन्। त्यस उपत्यकामा रहेको सहर सोदोमको नजिकै लोटले आफ्नो पालहरू टाँग्छन् (उत्पत्ति १३:१२)। त्यस सहरको बारेमा बाइबलले यसरी स्पष्ट रूपमा वयान गरेको छः "सोदोमका मानिसहरू दुष्ट थिए। तिनीहरूले परमेश्वरको बिरुद्धमा भयङ्कर पाप गरिरहेका थिए" (उत्पत्ति १३:१३ रूपान्तरित)। पछि ती मानिसहरूको पाप अति ज्यादै भएपछि तिनीहरूलाई ध्वस्त पार्ने योजना परमेश्वरले बनाउनुहुन्छ। त्यसको जानकारी परमेश्वरले अब्राहमलाई दिनुहुन्छ। अनि अब्राहमले परमेश्वरको सदाशयतालाई ध्यानमा राखेर उहाँसँग ती मानिसहरूलाई नष्ट नगर्न आफ्नो प्रस्ताव उहाँसँग राख्दछन्। अब्राहमले भन्दछन् कि यदि त्यहाँ ५० जना धर्मी भएर त्यस सहर नाश नगर्न परमेश्वरसँग अनुरोध गर्छन्। परमेश्वरले त्यो प्रस्तावलाई मान्नुहुन्छ। तर अब्राहमले थाहा पाएकि त्यहाँ ५० जना नहोला, र उनले घटाउँदा घटाउँदा १० जनासम्म पुऱ्याए। तर परमेश्वरले भन्नुभयो, "ठिकै छ, त्यहाँ दस जना धर्मीहरूमात्र भएपनि त्यस सहरलाई म नाश गर्नेछैन" (उत्पत्ति १८:१६-३३)। त्यस सहरमा दस जना पनि असल गर्ने वा धर्मी मानिसहरू थिएन। ती मानिसहरू कतिको दुष्ट रहेछ भनेर हामी अनुमान गर्न सक्छौं। पछि परमेश्वरले स्वर्गदूतहरूलाई सोदोममा पठाएर लोटका परिवारलाई उद्धार गर्न खोज्दो सोदोमका मानिसहरूले तिनीहरूमाथि जबरजस्ती करणी गर्न लुटको घरमा आक्रमण गरेका थिए। स्वर्गदूतहरुद्वारा तिनीहरूलाई अन्धा बनाएर लोट र उनका परिवारलाई सुरक्षित पूर्वक त्यस सहरबाट बाहिर निकालिएका थिए। आखिरमा उनी र उनका दुई छोरीहरूमात्रै त्यस सहरबाट उम्किन सफल

भए। अनि स्वर्गबाट आगो वर्षेर त्यस सहरलाई ध्वस्त पारे (उत्पत्ति १९:१२-२५)।

उपरोक्त ऐतिहासिक घट्नाद्वारा दुई पाठहरू हामी सिक्न सक्छौं भनेर पत्रुसले औंल्याउँछन्। प्रथमतः, सोदोम र गमोराको नाश केवल एक उदाहरणमात्र हो जसले अन्तको समयमा दुष्टहरूको नाश कसरी हुन्छ भनेर देखाउँछ (२ पत्रुस २:६)। दोस्रोमा, आफ्ना पवित्र जनहरूलाई भयानक विपत्ती र कठिन परिस्थितिबाट कसरी परमेश्वरले उम्काउनुहनेछ भन्ने कुरा उहाँलाई थाहा भनेर त्यस कथाले देखाउँछ (२ पत्रुस २:७-९)। त्यसपछि पत्रुसले ती सोडोम र गमोरा सहरहरूलाई नाश गर्नुभएको के के कारणहरू थिए भनेर तिनीहरूको सूची बनाउँछन्। (१) तिनीहरू शारीरिक कामबासनामा अत्यन्त होमिएका थिए। (२) तिनीहरूले आफूभन्दा माथिलाई आदर गर्दैनथे वा शासकहरूको आधिकारिकालाई लत्याएका थिए। (३) परमेश्वरको चाहनालाई वेवास्ता गरेर तिनीहरू आफूखुशी चलेका थिए। (४) र लोटको घरमा पाहुना भएर आएका अपरिचित स्वर्गदूतहरूको तिनीहरूले खराब बोलीले गिल्ला गरे (२ पत्रुस २:१०,११)। चर्चलाई तहसनहस पार्ने चर्चमै भित्रिएका झुटा धर्मगुरू वा पास्टरहरू र तिनीहरूका चेला वा मतियारहरूले पनि त्यही सोदोम र गमोराको मार्गमा हिँड्छन् भनेर पत्रुसले ठोकुवा गर्छन्।

दोस्रो घट्नामा, धामीझाँक्री तथा तन्त्रमन्त्र गर्ने बेलमको कथा पत्रुसले उल्लेख गर्छन्। यो कथा गन्ती २२:१-२४:२५मा पाइन्छ। इस्राएलीहरू इजिप्टबाट निस्केर यात्रा गर्दै मोआब देशको सिमानामा पाल टाँगेर बसेका थिए। त्यस देशको राजा बेलक थियो। त्यस राजाले बेलमलाई आफ्नो टुनामुना तथा मन्त्रद्वारा ती इस्राएलीहरूलाई श्रापको बाण हानेर ध्वस्त पार्न पैसाले किन्न खोजेका थिए। बेलम त्यस देशका तन्त्रमन्त्र गर्ने धर्मगुरू तर सनातन परमेश्वरमा विश्वास नगर्ने भविष्यबक्ताको नाउँले चिनिएको थियो। राजाको अनुरोधमा धेरै धनको लोभमा फस्दै बेलमले ती इस्राएलीहरूलाई श्राप दिन धेरै प्रयास गरे तर आखिरमा उसको मुखबाट तिनीहरूलाई आशिष बाहेक श्रापको शब्द उच्चारण गर्न सकेन। आखिर राजा र बेलम हरेस खान्छन् र तिनीहरू छुटिन्छन् (गन्ती २३:४:२४:२४)। परमेश्वरलाई दिइने भक्तिलाई त्यागेर रुपैयाँ पैसा तथा सम्मानको लोभमा पर्ने चर्चका अगुवाहरूले विश्वासीहरूलाई कसरी पापमा फसाउन प्रयास गर्छन् भनेर पत्रुसले बेलमको

उदाहरण प्रस्तुत गर्छन् (२ पत्रुस २:१४,१५)। ती अगुवाहरूले आफ्नो विवेकलाई कुल्चेर गलत दिशामा हिँडिरहेकाछन् भनेर पत्रुसले औंल्याउँछन्।

**पापको फोहरमा फस्दा कस्ता कस्ता खतराहरू हामीहरूमाथि आइपर्छन् भनेर हामीहरूलाई सिकाइएका पाठहरूलाई सोच्नुहोस्। हामीहरूलाई बाइबल र एलेन जी ह्वाइटका लेखहरू दिइएका छन्। हामी एडभेन्टिस्टहरूले हामीलाई कहिल्यै पनि सिकाएको छैन वा सतर्क गराएको छैन भन्न सुहाउँछ र?**

## उपसंहारः

**थप जानकारीः** "येशू ख्रीष्टमा हामी स्वतन्त्र छौं" भनेर कतिपय इसाईहरूले चर्चा गरेको हामी सुन्छौं। हो, येशूले साँच्चिक्कै हामीलाई पापबाट मुक्त गर्नुभएको छ। पन्ध्रौं शताब्दीको इसाई सुधारक मार्टिन लुथरको कथा अत्यन्त मार्मिक छ। उनको जीवनको उदाहरणले यो बताउँछ कि येशूले दिनुहुने असली स्वतन्त्रता कतिको महान् छ। परमेश्वरको क्षमाशीलता, सदाशयता र दयाको अर्थ बुझ्न उनले अत्यन्त महा कष्टको अनुभव गर्नुपरेको थियो।

"हाम्रो सामु अत्यन्त महान् सत्य खडा भएकोछ। मुक्तिको निम्ति हामी येशू ख्रीष्टमा सतप्रतिसत भरपर्नुपर्छ। यो महान् सत्य मानिसलाई बहकाउन झुठो आस्थाको नजिक रहेको छ। येशू ख्रीष्टमा हामी स्वतन्त्र हुनुको अर्थ यो होइन कि परमेश्वरको व्यवस्था वा दश आज्ञाहरूका नीतिलाई भङ्ग गर्न र पाप गर्न अधिकार हामीले पाएका छौं। धेरै इसाईहरूले नै यो भन्दछन् कि अब हामीले येशूलाई विश्वास गर्‍यौं हामीले परमेश्वरको व्यवस्थालई पालन गर्नुबाट स्वतन्त्र भयौं। परमेश्वरको व्यवस्थालाई भङ्ग गर्दा पाइने दण्डबाट मुक्त गर्न येशू आउनु भयो रे। धेरैले यो दावी गर्छन् येशूलाई विश्वास गर्दा पाइने मुक्ति भनेको नै दश आज्ञाको व्यवस्था खारिज भएको मात्रु हो। अझ कतिले यो पनि भन्दछन् कि दश आज्ञा पालन गर्ने मानिसहरू परमेश्वरको अनुग्रह वा क्षमा तथा सदाशयताबाट पतित भएको छ। त्यसकारण कुनै पनि दिमाग पवित्र आत्माबाट अगुवाई गरेको छैन भने त्यो दिमागले उपरोक्त गलत शिक्षालाई अङ्गाल्न पुगेको हुन्छ। त्यसो गर्दा ती मानिसहरू शैतानको झुटो शक्तिको छत्रछायाँमा आफूहरूलाई पारिरहेका हुन्छन्। सत्यलाई असत्य भन्दै शैतानले मानिसहरूलाई बहकाइरहेको छ। यो काममा लाग्दा सुधारवादी वा प्रोटेस्टेन्ट इसाई संसार शैतानको पाऊमा परिरहेको

प्रमाणित गर्दछ।"- एलेन जी ह्वाइट, *क्राइस्ट ट्रायम्फन्ट,* पृ. ३२४बाट रूपान्तरित।

**चिन्तनमनः**

*अ.* मानिसलाई मख्ख बनाउँदै भ्रम पार्ने झुटा शिक्षालाई अङ्गाल्नेको परिणाम कस्तो हुन्छ भनेर २ पत्रुस २:१९मा पत्रुसले व्यक्त गरेको भावनाको बारेमा गहिरिएर सोच्नुहोस्। हामीले जे सत्यमा विश्वास गर्छौं त्यो हामी आफैले जानेर गर्नुपर्छ भनेर किन निश्चित हुनुपर्छ? हामी विश्वासीहरू हामीले गरेको सत्यको विश्वासमा एउटै मनको हुनु किन जरुरत छ? विश्वासीहरूबाट अलग भएर सत्यको सिद्धान्तमा भिन्न बिचार राखेर चल्दा त्यो किन खतरापूर्ण छ?

आ. न्याय र दण्डको मामिलालाई लिएर पत्रुसले व्यक्त गरेका केही कडा शब्दहरू*को* बारेमा सोच्नुहोस्। "परमेश्वरलाई विश्वास नगर्ने अधर्मी मानिसहरूलाई कसरी साँचि राख्नुहुन्छ सो उहाँलाई थाहा छ। तिनीहरूको न्याय नहुञ्जेल र तिनीहरूले दण्ड नपाउँञ्जेल प्रभुले तिनीहरूलाई निगरानीमा राख्नुहुन्छ" (२ पत्रुस २:९ रूपान्तरित, २ पत्रुस २:३, १,१२ पनि हेर्नुहोस्)। परमेश्वरले गर्नुहुने न्याय वास्तविक छ भनेर ती पदहरूले हामीलाई कसरी बताउँछन्? मानिसहरूलाई गलत शिक्षादिएर भ्रमको खेती गर्नेहरूप्रति परमेश्वर कतिको गम्भीर हुनुहुन्छ भनेर ती पदहरूले कसरी खुलासा गरेका छन्?

इ. येशूमा मुक्ति पाउनुको अर्थ अब हामीहरूले दश आज्ञालाई पालन गर्नु आवश्यक छैन भनेर कतिपय इसाईहरूले दावी गर्छन्। ती आज्ञाहरू भित्रका चौथो आज्ञा साबको गरिमा पनि खारेज भइसक्यो, त्यसकारण त्यसलाई पालन गर्न आवश्यक छैन भनेर ती इसाईहरूले नै विश्वासीहरूलाई सिकाउँछन्। येशूमा पाइने स्वतन्त्रलाई त्यस तर्कले कसरी बङ्ग्याइ दिन्छ?

# धेरैको आमा-भाग १

म सुसमाचारिय काम गर्दछु। अरूहरूले पनि येशूको बारेमा जान्न सकुन् भन्ने इच्छा म हृदयदेखि चाहना गर्छु। एक दिन परमेश्वरले मलाई अनौठो समूहसँग काम गर्न प्रभावित पार्नुभयो।

जब म कामको सिलसिलामा म अफिस जाँदै थिएँ तब केही केटाहरू चर्चको कार्यलयको ढोकामा चिहाइरहेको मैले देखें। मलाई थाहा थियो कि प्रायजसो तिनीहरू सबैको आफ्नै घर भन्ने छैन। कोही आफ्नै इच्छाले वा आफूहरूले सम्हाल्न नसक्ने परिस्थितिले गर्दा प्रायजसो तिनीहरूको घर नभएको मलाई थाहा थियो। कतित आमाबाबुको झगडा वा आमाबाबुको कुटाइ सहन नसकेर घरबाट निस्केर घरबिहीन बन्नु परेको थियो भने कति त गरिब भएर घरमा खाना नपुगेर घरबाट निस्कनुपरेको थियो। तिनीहरूको आमा नभएकोले तिनीहरूलाई नियास्रो लागेको छ कि भनेर सोध्न मलाई खुल्दुली लाग्यो। दोधार हुँदै म तिनीहरूको नजिक आइपुगें।

"नमस्ते भाईहरू" भन्दे हँसिलो पाराले तिनीहरूलाई सम्बोधन गरें। तिनीहरूले अचम्म तरिकाले मलाई हेरे। अब मैले तिनीहरूलाई के गर्ने होला भनेर तिनीहरू एक छिन त डराए पनि।

मलाई थाहा थियो कि कतिपय ती केटाहरू लागु र मद्यपानको दुर्व्यसनमा परिरहेका थिए। तिनीहरू सबै जना भोकाएका थिए भनेर पनि मलाई थाहा थियो। तिनीहरूलाई परिवारको खाँचो थियो। कमसेकम तिनीहरूलाई आमाको खाँचो थियो जसले तिनीहरूको हेरबिचार गर्छिन् र तिनीहरू ठिक वा गलत बाटोमा हिंडेका छन् कि छैनन् भनेर सिकाउने मायालु आमाको खाँचो थियो। ती केटाहरूसँग चिनापर्ची गर्न र उहाँको प्रेमलाई बाँड्न परमेश्वरले मलाई प्रभाव पार्नुभयो। "म तिमीहरूको आमा हुँ," सुरो भएर तिनीहरूसँग म बोलें, "म तिमीहरूसँग हेलमेल गर्न चाहन्छु।"

तर ती केटाहरूले लाज माने र म पनि के गरूँ के गरूँ जस्तो भएको थिएँ। मलाई थाहा थियो कि तिनीहरू धेरै थिए तिनीहरूले सजिलैसँग मेरो झोला चोरेर भाग्न सक्छन् वा मलाई कुट्न सक्छन्। तर म हँसिलो अनुहार गर्दै रहें र तिनीहरूसँग कुरा गर्न चाहिनै रहें। केही बेर तिनीहरूसँग कुरा गरेपछि तिनीहरूले पनि मसँग कुरा गर्न सजिलो माने। हामीमा भएको चिसोपना हटेको मैले महसुस गरें। अनि रुखको मुनि कुरा गर्न मैले तिनीहरूलाई बोलाएँ।

ती केटाहरूले एक छिन त आनाकानी गरे तर तिनीहरू आएर मसँग बस्न थाले। मेरो बारेमा केही कुराहरू तिनीहरूलाई सुनाएँ। परमेश्वरले तिनीहरू सबैंलाई माया गर्नुहुन्छ भनेर मैले तिनीहरूलाई सुनाएँ। तिनीहरूमा न्यानो भएको तिनीहरूले महसुस गरे र तिनीहरूले तिनीहरूको बारेमा अलिअलि केही भने। अर्को हप्ता पनि मसँग कुरा गर्न ती केटाहरूलाई बोलाएँ।

अर्को सोमबार मैले मसँग केही खानेकुराहरू ल्याएँ। मलाई थाहा थियो कि ती केटाहरू भोकै थिए। बाबु आमा नभएका र घर नभएकाहरूलाई कसले खाना पकाएर दिन्छ र भन्ने कुरा मलाई थाहा थियो। धेरै दिनसम्म तिनीहरूले आफ्नो भोकलाई राम्रोसँग मेट्न नपाएको पनि मलाई थाहा थियो। प्रायजसो तिनीहरू कसैले केही दिएको भरमा वा रोटी पसलबाट फ्याँकेको रोटीको भरमा जिइरहेका थिए भनेर पनि मलाई थाहा थियो।

मैले केही मिठो रोटी र दाल तिनीहरूलाई ल्याइदिएँ। जब केटाहरू आइपुगे तब तिनीहरूले खाना सुँघे र तिनीहरूको अनुहार हँसिलो देखें। तिनीहरू भोकाएका थिए र मिठोसँग ती खाना खाए। अनि हामी फेरि कुराकानी गर्न थाल्यौं। कुनै कुनै केटाले त तिनीहरूलाई रोटी त्यस्तो मन पर्दैन अर्को पल्ट अरू नै बनाएर ल्याउनु हुन्छ कि भनेर पनि नहिचकिच्याइकन आफ्ना इच्छा सुनाए। प्रत्येक हप्ता तिनीहरूले मन परेको खाना ल्याउन थालें। कमसेकम विभिन्न हप्तामा विभिन्न थरिका खानहरू ल्याउने कोशिश गरें। ती केटाहरूले रमाइलो मानेर खान्थे र त्यो समय तिनीहरूको लागि मनपर्ने समय हुनथालेको थियो।